# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले संवत् २०७९ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **वर्षभरिका शनिबार बिदा:-**

| | |
|---|---|
| (क) वैशाख - ३,१०,१७,२४, ३१ | (छ) कात्तिक - ५,१२,१९,२६ |
| (ख) जेठ - ७,१४,२१,२८ | (ज) मङ्सिर- ३,१०,१७,२४ |
| (ग) असार- ४,११,१८,२५,३२ | (झ) पुस - २,९,१६,२३,३० |
| (घ) साउन - ७,१४,२१,२८ | (ञ) माघ - ७,१४,२१,२८ |
| (ङ) भदौ - ४,११,१८,२५ | (ट) फागुन -६,१३,२०,२७ |
| (च) असोज - १,८,१५,२२,२९ | (ठ) चैत - ४,११,१८,२५ |

२. **पर्व बिदाहरू:-**

२.१ मुलुकभरि सार्वजनिक बिदा हुने पर्वहरू:-

(क) नव वर्ष - वैशाख १ गते बिहीबार।

(ख) राई, लिम्बू, याक्खा, सुनुवार, लगायतका किराँत समुदायको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाखपूर्णिमा) - जेठ २ गते सोमबार।

(ग) रक्षाबन्धन - साउन २७ गते शुक्रबार।

(घ) श्रीकृष्ण जन्माष्टमी - भदौ ३ गते शुक्रबार।

(ङ) घटस्थापना - असोज १० गते सोमबार।

(च) छठ पर्व - कात्तिक १३ गते आइतबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि-ज्यापू दिवस (धान्य पूर्णिमा) - मङ्सिर २२ गते बिहीबार।

(ज) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५) - पुस १० गते आइतबार ।

(झ) तमु ल्होसार - पुस १५ गते शुक्रबार।

(ञ) माघी पर्व/माघेसङ्क्रान्ति - माघ १ गते आइतबार।

(ट) सोनाम ल्होसार - माघ ८ गते आइतबार ।

(ठ) महाशिवरात्री - फागुन ६ गते शनिबार ।

(ड) हिमाली आदिवासी जनजातिहरूले मनाउने ग्याल्पो ल्होसार- फागुन ९ गते मङ्गलबार ।

(ढ) इस्लाम धर्मावलम्बीहरूको पर्व बकर ईद (ईद उल अजहा) का दिन ।

(ण) इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का दिन ।

(त) फागुपूर्णिमा, हिमाली र पहाडी जिल्लालगायतका ५६ जिल्लाहरूमा फागुन २२ गते सोमबार तथा देहायका तराई जिल्लाहरूमा फागुन २३ मङ्गलबार ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ७. | धनुषा | १३. | नवलपरासी (वर्दघाट सुस्तापूर्व) | १९. | बर्दिया |
| २. | मोरङ्ग | ८. | महोत्तरी | १४. | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | २०. | कैलाली |
| ३. | सुनसरी | ९. | सर्लाही | १५. | रूपन्देही | २१. | कञ्चनपुर |
| ४. | सप्तरी | १०. | रौतहट | १६. | कपिलवस्तु | | |
| ५. | सिराहा | ११. | बारा | १७. | दाङ | | |
| ६. | उदयपुर | १२. | पर्सा | १८. | बाँके | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरू:-

(क) गाईजात्रा - साउन २७ गते शुक्रबार (देशभरका नेवार समुदायका लागि मात्र) ।

(ख) गौरा पर्व - भदौ १८ गते शनिबार।

(ग) मोहम्मद जयन्तीका दिन।

(घ) सिरुवा पावनीको दिन - सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

३. <u>महिला कर्मचारीहरूको लागि मात्र:-</u>

(क) हरितालिका(तीज) व्रत - भदौ १४ गते मङ्गलबार।

(ख) जितिया पर्व - असोज २ गते आइतबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरूको लागि) ।

४. <u>शिक्षण संस्थाहरूको लागि मात्र:-</u>

बसन्त पञ्चमी - माघ १२ गते बिहीबार।

५. <u>जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):-</u>

(क) गाईजात्रा - साउन २७ गते शुक्रबार।

(ख) इन्द्रजात्रा - भदौ २४ गते शुक्रबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा - चैत ७ गते मङ्गलबार।

६. <u>दशैं बिदा:-</u>

असोज १६ गते आइतबार देखि असोज २१ गते शुक्रबार सम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

७. <u>तिहार बिदा (कात्तिक ७ गते सोमबारदेखि ११ गते शुक्रबारसम्म) :-</u>

(क) लक्ष्मीपूजा - कात्तिक ७ गते सोमबार।

(ख) गाई तिहार - कात्तिक ८ गते मङ्गलबार।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) म्हपूजा, नेपाल संवत् प्रारम्भ, गोवर्द्धनपूजा - कात्तिक ९ गते बुधबार ।

(घ) भाइटीका/किजापूजा - कात्तिक १० गते बिहीबार ।

८. <u>दिवस बिदा:-</u>

८.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवस बिदाहरू:-

(क) विश्व मजदुर दिवस - (मे १) वैशाख १८ गते आइतबार।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते आइतबार।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते सोमबार ।

(घ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते आइतबार ।

(ङ) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते बुधबार ।

८.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्रः-

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते शनिबार (नेपाल भित्रका अपाङ्गता भएका सम्पूर्ण कर्मचारीहरु) ।

९. <u>जन्म जयन्ती बिदा:-</u>

९.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जयन्ती बिदा:-

बुद्ध जयन्ती - जेठ २ गते सोमबार।

९.२ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्रः-

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते शुक्रबार (किराँत धर्मावलम्बी) ।

(ख) गुरु नानक जयन्ती - कात्तिक २२ गते मङ्गलबार (नेपाली सिख धर्मावलम्बी) ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०. राष्ट्रिय रूपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरू:-**

(क) जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस - जेठ २१ गते शनिबार ।

(ख) निजामती सेवा दिवस - भदौ २२ गते बुधबार ।

(ग) राष्ट्रिय एकता दिवस - पुस २७ गते बुधबार।

(घ) शहीद दिवस - माघ १६ गते सोमबार।

**११. विदेशस्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।**

१२. <u>सट्टा बिदा:-</u>

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नुपर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरेबापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने ।

१३. <u>कार्यालय हाजिर हुने र छुट्ने समय:-</u>

(क) नेपाल राज्य भरका सबै सरकारी कार्यालयहरूमा वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजे सम्म हुने ।

<u>द्रष्टव्य:</u>

(क) नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारले आ-आफ्नो प्रदेशको धर्म, संस्कृति र रितिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेका वर्षको बढीमा ६ दिनसम्मको सार्वजनिक बिदामा सम्बन्धित प्रदेशमा रहेका सङ्घीय कार्यालयमा समेत सार्वजनिक बिदा गर्ने । तर प्रदेश सरकारले आफ्नो प्रदेशभरी लागू हुने गरी ६ दिनभन्दा बढी सार्वजनिक बिदा घोषणा गरेमा र काठमाडौं उपत्यकाका तीन जिल्लाको हकमा नेपाल सरकारको गृह मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ ।

(ख) प्रदेश सरकारले आफ्नो प्रदेशभरी लागू हुने गरी घोषणा गरेका सार्वजनिक बिदामध्ये वर्षको सुरुमै प्रदेश राजपत्रमा प्रकाशन भएपछि सो मध्ये ६ दिन सार्वजनिक बिदा गर्न जिल्ला प्रशासन कार्यालयहरूले गृह मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ग) "**आधा दिन**" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गते देखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्छ ।

(घ) **खाजा समय:-** कार्यालयको सेवा प्रवाहमा बाधा नपर्ने गरी आलोपालो मिलाई सम्बन्धित कार्यालयले आधा घण्टाको लागि खाजा समय तोक्न सक्नेछ ।

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।